जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३३ २०८० साल बैशाख ७ गते बिहीबार (20 Apr. 2023 Thursday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा सुरक्षित गर्भपतन.. ३ पृष्ठमा : जन्म, मृत्यु घटना दर्ता शतप्रतिशत ... ३ पृष्ठमा विश्वकै सर्वाधिक जनसङ्ख्या..

# दुई लाख भन्दा बढी भारतीय नोटसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

सप्तरी तिलाठी कोईलाडी गाँउपालिका वडा नं. १ स्थित खाडो खोला स्थितसडकमा सोमबार नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त खटिएको प्रहरी टोलिले २ लाख १२ हजार भारतीय नोटसहित एकजनालाई नियन्त्रणमा लिएको छ ।

चेकजाँच गर्ने क्रममा भारततर्फबाट नेपालतर्फ पैदल हिडदै आउदै गरेको भारतको बिहार राज्य अन्तरगत मधेपुरा जिल्ला ग्रामपंचायत रायभिर वडा नं. १५ थाना बसन्तपुर घर भएका ४१ वर्षका बिधानन्द कुमार विमललाई नियन्त्रणमा लिएको हो ।

चेकजाँच गर्ने क्रममा उनका साथबाट २ हजारको ४ थान, ५ सयको ३ सय ८८ थान र २ सयको ५० थान गरी जम्मा २ लाख १२ हजार भारतीय नोट बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता प्रहरीले भारतिय रुपैयासहित नियन्त्रणमा लिइएका विधानन्दलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय ईटहरी सुनसरी पठाईएको प्रहरीले जनाएको छ ।

# झुण्डिएको अवस्थामा किशोरी फेला

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

सप्तरीको सप्तकोशी नगरपालिकामा एक किशोरी पासो लगाई झुण्डिएको अवस्थामा बुधबार फेला परेकी छिन् ।

वडा नं. ३ सखुवनि टोल बस्ने बनहु चौधरीको १८ वर्षिय छोरा रबिन चौधरीसंग एक वर्ष अघि टिकाटालो गरी उनकै घरमा बस्दै आएकी जिल्लाकै कंचनरुप नगरपालिका वडा नं ३ सुब्बा टोल बस्ने चिचाई चौधरीकी १६ वर्षिया छोरी पुजा चौधरीले आफ्नै सुत्ने कोठाको काठको बलोमा सलको पासो लगाई झुण्डि छटपटाई रहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार झुण्डिएर छटपटाइ रहेको अवस्थामा रबिन चौधरीले देखेपछि बुवा बनहु चौधरीले पासो काटी सोही स्थानमा राख्दा मृत्यु भईसकेको थियो ।

घटना बारे सूचना पाएपछि प्रहरी चौकी फत्तेपुरबाट आएको टोलीले कानुन सम्वत मुचुल्का उठाई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यो संगै जिल्लामा दुई महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या २४ पुगेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत आर्थिक वर्ष ०७८/०७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेका थिए भने चालु आ.व. २०७९/८० को हालसम्मको अवधीमा भने विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८३ पुगेको छ ।

# भारततर्फ निकासी गर्न राखिएको मदिरा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

नेपालबाट भारततर्फ भन्सार छलेर चोरी निकासी गर्नका लागि राखिएको मदिरा प्रहरीले नियन्त्रणमा लिएको छ ।

गत आइतबार सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका वडा नं. ९ स्थित कोशी पलारमा नेपालबाट भारत तर्फ भन्सार छलि चोरी निकासी गर्नका लागि राखिएको ७७ कार्टुन दिलवाले नामक मदिरा प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

बरामद ७७ कार्टुन मदिराको ४२ हजार ३ सय ५० मुल्य मुल्याङ्कन गरि आवश्यक कारवाहिका लागि राजविराज भन्सार कार्यालय सप्तरी बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अटो दुर्घटनामा चालकका बाबु र नातिनी तथा मोटरसाइकलको ठक्करबाट बालक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

सप्तरी शम्भुनाथको शम्भुनाथ नगरपालिका वडा नं. ३ ट्राफिक चौकस्थित पुर्व पश्चिम राजमार्गमा बुधबार अटो आफै अनियन्त्रित भई दुर्घटना हुँदा दुई जना यात्रु घाइते भएका छन् ।

पुर्वबाट पश्चिम तर्फ जादै गरेको प्र.२-०१ -००१स.१३४९ नं.को अटो आफै अनियन्त्रित हुदा अटोमा सवार चालकको बुवा स्थानिय ७५ वर्षिय रामजी साह र चालकको नातिनि २ वर्षिय खुसी कुमारी साह घाइते भएका छन् । उनीहरु मध्ये बुबा रामजीको युनिक तथा नातिनिको छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै शम्भुनाथकै वडा नं. ३ कचन्दाहास्थित भित्रि सडक खण्डमा मोटरसाइकलको ठक्करबाट एक बालक घाइते भएका छन् ।

दक्षिणबाट उतर तर्फ जादै गरेको प्र.२-०१-००३प.३६०१ नं.को मोटरसाइकलले स्थानिय अंजनि चौधरीका २ वर्षिय छोरा आदित्य चौधरीलाई बाटो काट्ने क्रममा ठक्कर दिएको हो ।

ठक्करबाट बालकको टाउँकोमा चोट लागेपछि गजेन्द्र नारायण सिँह अस्पताल राजविराजमा समान्य उपचार पश्चात थप उपचारका लागि नोवेल अस्पताल विराटनगर लगिएको प्रहरीले जनाएको छ ।

मोटरसाइकल र चालक वडा नं. ४ बस्ने ३४ वर्षिय दिपेन्द्र कुमार भगत प्रहरी नियन्त्रणमा रहेको तथा घटना वारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बसको ठक्करबाट श्रीमान, श्रीमती र भतिजिको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, ६ बैशाख ।**

महोत्तरीको गौशाला सम्सी सडक खण्डको रेल्वेट्र्याक नजिकै बसले मोटरसाइकललाई ठक्कर दिँदा एकै परिवारका ३ जनाको बुधबार मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक सिरहाको कल्याणपुर नगरपालिका १० का २६ वर्षीय अमृत मण्डल, उनकी श्रीमती २४ वर्षीया अञ्जु मण्डल र भतिजी ६ वर्षीया अंशु मण्डल रहेको प्रहरीले जनाएको छ ।

जनकपुरतर्फ आउँदै गरेको बा.३ ख.२३९६ नम्बरको बसले गौशालातर्फ जाँदै गरेको मधेश प्रदेश ०१-००४प.६८१९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्करबाट गम्भीर घाइते चालक र उनकी भतिजीकोको शुभ स्वस्तिक अस्पताल बर्दिबास र श्रीमतीको ट्रमा सेन्टर अस्पताल बर्दिवासमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# कोशीमा नुहाउने क्रममा डुबेर वेपत्ता भएका तीन मध्ये एकको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

सुनसरीको वराहक्षेत्रस्थित कोशी नदीमा बुधबार बिहान नुहाउने क्रममा वेपत्ता भएका तीन युवक मध्ये एक जनाको मृत शरीर फेला परेको छ ।

नदीमा बेपत्ता भएकामध्ये झापाको दमक २ का १७ वर्षीय नवीन न्यौपानेको शव घटनास्थल नजिकै कोशीमा फेला परेको हो । बेपत्ता रहेका दमक ९ का १९ वर्षीय रुद्र न्यौपाने र मोरङ उर्लावारी ७ का १८ वर्षीय राज गुरागाईंको खोजी भइरहेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# सात दिनसम्म आइसोलेशनमा बस्न आग्रह

काठमाडौं, ६ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमण देखिएमा सात दिनसम्म अनिवार्य आइसोलेशनमा बस्न आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरस सङ्क्रमणको कारणले ज्वरो र सास फेर्न कठिनाइ भएको अवस्थामा सात दिनसम्म अनिवार्य आइसोलेशनमा बस्न आग्रह गर्नु भएको छ ।

उहाँका अनुसार कुनै पनि लक्षण नरहेको, पाँच दिनसम्म आइसोलेशनमा बसेको वा पाँच दिनभन्दा बढी बसेको, २४ घण्टाभित्र ज्वरोको औषधि नखाइ नै ज्वरो कम भएको भए भने आइसोलेशनमा बस्नुपर्दैन । सात दिनसम्म आइसोलेशनमा बसेर आठौँ दिनमा बाहिर निस्केपनि अरु मानिसको सम्पर्कमा नजानसमेत आग्रह गरिएको छ ।

मन्त्रालयले आइसोलेशनमा रहेकाले मिलेसम्म छुट्टै शौचालय भएको प्रशस्त हावा आउने छुट्टै कोठामा बस्ने तथा नाक, मुख र चिउडो छोपिने गरी मास्क लगाउने र प्रयोग गरिएको मास्कको उचित व्यवस्थापन गर्ने तथा बेला बेलामा साबुन पानीले हात धुन आग्रह गरेको छ । अहिले दैनिक कोरोना भाइरसको सङ्क्रमण बढिरहेको छ । हिजो एक सय ७१ जनामा सङ्क्रमण, दुई जनाको निधन र तीन सय ९७ जना सङ्क्रिय सङ्क्रमित पुगेका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

## सम्पादकीय

### अत्याधिक गर्मीसँगै अनियमित हुँदै विद्युत

अहिले मुलुकभर अत्याधिक गर्मी बढेको छ । नयाँ वर्षको सुरुवातसँगै ह्वातै गर्मी बढेको हो । सप्तरीमा भने विगत चार दिनदेखी ३८ देखी ४० डिग्रि तापक्रम रहेको छ । विगतका वर्षहरुमा जेठ असार महिनामा हुने गर्मी यसपटक बैशाख महिनामै अत्याधिक गर्मी छ । बिहानैदेखी चर्को घाम लागेपछि दिउँसो तिर पारा बढेर ४० डिग्रीसम्म पुग्ने गर्छ । गर्मीका कारण जनजिवन समेत प्रभावित भएको छ । बिहानपख केही राहत भएपनि १० बजेपछि पारा ४० सम्म पुग्नाले सडकमा मानिसहरुको आवतजावत समेत घटेको छ । अत्यन्त जरुरी काम विशेषले मात्र मानिसहरु घर बाहिर निस्कने गर्छन् ।

यता गर्मी बढेसँगै मानिसहरु सितलताका लागि पंखा, एसी लगायत चिसो पेय पदार्थको सहारा लिन पुगेका छन् । तर, लामो समयदेखी जिल्लामा विद्युत नियमित रहेकोमा गर्मी बढेसँगै विद्युत पनि अनियमित हुँदै गएको छ । कुनै बेला पनि विद्युत आपूर्ती बन्द हुने, नभए भोल्टेज कम हुने गरेको छ । चुहावट नियन्त्रणका लागि विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले अभियान चलाएपछि केही मात्रामा चुहावट कम भएको छ । तर, एक्कासी गर्मी बढेपछि विद्युत पनि अनियमित भएपछि मानिसहरु मारमा परेका छन् । गर्मीबाट बच्न एक मात्र भरपर्दो सहारा विद्युतीय उपकरणहरु भएकाले यसरी विद्युत काटिनुले झनै गर्मीको चपेटमा मानिसहरु पर्ने गरेका छन् ।

यसपल्ट समय भन्दा अगाडी नै अत्याधिक गर्मी भएको छ । यसपटक चिसोको अनुभुती त्यति नभएपनि गर्मीको अनुभुती भने अत्याधिक भएको छ । तसर्थ गर्मीबाट बच्न आवश्यक काम विषेशले मात्र घरबाहिर निस्कौं । बालबालिकालाई बाहिर निस्कन बन्देज गरौं । अत्याधिक गर्मीका कारण तातो हावाले लु लाग्न सक्ने प्रवल सम्भावना हुन्छ । त्यसैले यसबाट बच्न सक्दो शितल स्थानमा बसौं । शरीरलाई चिसो पार्न प्रसस्त मात्रामा पानी पिउने बानी बसालौं ।

# नेपालमा सुरक्षित गर्भपतन : कानुन छ, सहज पहुँच छैन

रुपन्देही, ६ वैशाख (रासस) ।

बुटवल उपमहानगरपालिका-१९ की १९ वर्षीया अविवाहिता किशोरीको अहिले ३४ हप्ताको गर्भ छ ।

सामाजिक लाञ्छनाका कारण समयमै गर्भपतनका लागि जाने आँट नगर्दा किशोरीले अनइच्छित गर्भलाई निरन्तरता दिनुपर्ने बाध्यता आइलाग्यो । स्याङ्जाका एक युवकसँगको प्रेमसम्बन्धमा परेकी किशोरीलाई सुरुमा गर्भ रहेको पत्तै भएन । गर्भ रहेको थाहा भएपछि पनि घरपरिवारलाई भन्ने हिम्मत भएन । करिब ६ महिनापछि मात्रै परिवारलाई भनेर दिदीसँगै सुरक्षित गर्भपतनका लागि अस्पताल गएकी किशोरीको २८ हप्ता नाघिसकेका कारण गर्भपतन हुन सकेन ।

किशोरी अहिले कदम नेपालको सुरक्षा आवास गृहमा हुनुहुन्छ । सुरक्षा आवास गृहका इन्चार्ज सुष्मा चौधरीका अनुसार आफन्त र समाजको लाञ्छनाका डरले घरमा बस्ने अवस्था नभएपछि डेढ महिनादेखि उहाँ गृहमै रहनुभएको छ ।

यो त एउटा उदाहरण मात्र हो । समाजमा महिलाले चाहेमा जुनसुकै समयमा पनि गर्भपतन गराउन पाउनुपर्ने कानुनी व्यवस्था नहुँदा कति महिलाहरू अनइच्छित गर्भधारण गर्न बाध्य छन् ।

नेपालको संवैधानिक इतिहासमा पहिलो पटक नेपालको अन्तरिम संविधान, २०६३ ले प्रजनन स्वास्थ्यलाई महिलाको मौलिक हकका रूपमा प्रत्याभूत गरेको थियो । हाल २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा ३८(२) ले पनि प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । प्रत्याभूत गरिएका मौलिक अधिकारहरूको कार्यान्वयनका लागि नेपालले २०७५ साल असोज २ मा एक छाता ऐनका रूपमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन ल्याएको छ । यसका साथै २०७७ साल असोज २६ गते सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावलीसमेत कार्यान्वयनमा ल्याएको छ ।

नेपालको कानुनअनुसार योग्यता पुगेका इजाजतप्राप्त स्वास्थ्यकर्मीसँग महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भपतन गर्न सक्ने, जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भपतन गर्न सक्ने व्यवस्था छ भने विशेष अवस्थामा गर्भवतीको मञ्जुरीमा २८ हप्तासम्मको गर्भपतन गर्न पाउने कानुनी व्यवस्था रहेको महिला, कानुन र विकास मञ्चका अधिवक्ता नवीनकुमार श्रेष्ठ बताउनुहुन्छ ।

सामान्यतः गर्भपतन गर्भवतीको स्वेच्छिक मञ्जुरीले भएको अवस्थामा महिलाको अधिकार र गर्भवतीको इच्छा बेगर/बलपूर्ण भएमा महिला विरुद्धको हिंसाका रूपमा लिइन्छ । तर नेपालमा सबै अवस्थाहरूको गर्भपतनलाई फौजदारी कानुनका रूपमा मुलुकी ऐनको ज्यानसम्बन्धी महलमा व्यवस्था गरेको छ उहाँको भनाइ छ । “फौजदारी कानुनअन्तर्गत गर्भपतनसम्बन्धी व्यवस्था रहँदा महिलाको गर्भपतनको अधिकार सुनिश्चित हुन सकेको छैन । गर्भवती महिलाले आफ्नो स्वेच्छाले गर्भपतन गर्दा वा अन्य कुनै कारणले गर्भपतन हुँदासमेत गर्भवतीलाई नै कारबाही हुने र कसुर कायम गर्ने गरेको देखिन्छ”, उहाँ भन्नुहुन्छ ।

नेपाल सरकारले आर्थिक वर्ष ०७३/७४ बाट सरकारी स्वास्थ्य संस्थामा गर्भपतन सेवालाई निःशुल्क गर्ने व्यस्था गरेको हो । सन् २०१४ मा कृपाले गरेको अध्ययनअनुसार नेपालमा बर्सेनि तीन लाख २३ हजार गर्भपतन हुने गरेको छ । जसमा कानुनी रुपले ४२ प्रतिशत र गैरकानुनी रूपमा ५८ प्रतिशत गर्भपतन हुने गरेको छ । नेपालमा कानुनी रूपमा गर्भपतनले मान्यता पाए पनि पहुँचमा पु-याउन अझै मेहनत गर्नुपर्ने देखिएको छ भन्नुहुन्छ, आइसपासका नीति तथा सुशासनविज्ञ माधवी बज्राचार्य ।

कानुनअनुसार २८ हप्तापछिको गर्भपतन अवैध हुने भएकाले संशोधन गरी महिलाले चाहेमा जहिलेसुकै पनि सुरक्षित रूपमा गर्भपतन गर्न पाउनुपर्ने व्यवस्था हुनुपर्ने उहाँ बताउनुहुन्छ । गर्भपतन सेवा अझै पनि सीमित स्वास्थ्य संस्थामा उपलब्ध हुनु, सेवा प्रदान गर्न सूचीकरणमा ढिलाइ हुनु, कार्यक्रमप्रति जवाफदेहिता र अनुगमनमा कमी, गर्भपतनसम्बन्धी सामाजिक लाञ्छनामा कमी जस्ता कारणले गर्भपतन सेवामा महिलाको पहुँच पुग्न नसकेको विज्ञ बज्राचार्यको भनाइ छ ।

सुरक्षित गर्भपतन प्रदान गर्ने स्वास्थ्य संस्था सहरी क्षेत्रमा मात्र केन्द्रित हुनु, ग्रामीण क्षेत्रमा सेवा केन्द्र पर्याप्त मात्रामा नहुनु, स्वास्थ्य संस्थामा सूचीकृत स्वास्थ्यकर्मीको अभाव, आवश्यक स्वास्थ्य उपकरणको उपलब्धता नहुनु, अपाङ्ग महिलामैत्री भौतिक संरचना तथा व्यवहार नहुनु, सेवा शुल्क उच्च हुनु र असमान हुनु, गर्भपतनसँग जोडिएको लाञ्छना तथा हेयभावको दृष्टिकोण, गोपनीयताको अभाव, गर्भपतनको निर्णयमा पुरुषको प्रभाव रहनुलगायत कारणले पनि महिलाको सुरक्षित गर्भपतन सेवामा सहज पहुँच हुन सकेको छैन ।

सुरक्षित गर्भपतनसम्बन्धी कानुनको ज्ञानमा कमी, सेवामा सर्वसुलभ र सहज पहुँचमा बाधा-अड्चनका साथै गर्भपतनविरुद्ध रहेका नकारात्मक धारणा र विभेदको कारण महिलाहरू प्रायः असुरक्षित गर्भपतनको बाटो रोज्न बाध्य हुन्छन् । यसकारण उनीहरू प्रजननसम्बन्धी विभिन्न जटिलता तथा रोगबाट पीडित हुनाका साथै कतिपय अवस्थामा आफ्नो ज्यानसमेत जोखिम हुने र दीर्घकालीन स्वास्थ्य समस्याले ग्रसित हुन्छन् । तसर्थ, महिलाहरू आफ्नो प्रजननसम्बन्धी विषयमा आफैं निर्णय गर्न पाउने अधिकारबाट वञ्चित हुन्छन् ।

नेपालमा गर्भपतनसम्बन्धी छुट्टै कानुनको अभावले महिलाको अधिकार र स्वास्थ्य संरक्षणको पूर्वाधार विकास नहुनाले संवैधानिक रूपमा सुनिश्चित गरिएको प्रजनन अधिकार स्वतः हनन भइरहेको छ भन्नुहुन्छ, अधिकारकर्मी सुमित्रा शर्मा ।

प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हकलाई मौलिक हकका रूपमा संविधानमै व्यवस्था गरिएको छ । संविधानको धारा र उपधारामा विनियोजन गरिएको यो मौलिक हकको उपभोग कसरी भइरहेको छ भन्ने लेखाजोखा जरुरी रहेकाले आइपासको सहयोगमा महिला, कानुन र विकास मञ्चले प्रदेशस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्दै आएको अधिवक्ता नगेन्द्र बस्याल बताउनुहुन्छ ।

त्यसो त सरकारी र विभिन्न गैरसरकारी संस्थाले यौन तथा प्रजनन स्वास्थ्यका विषयमा कार्यक्रम गरिरहेको पाइन्छ तर सेवामा सहज पहुँचका लागि सेवा प्रदायक निकाय अझै जिम्मेवार बन्नुपर्ने देखिन्छ । प्रजनन स्वास्थ्य अधिकार मानव अधिकारको विषय हो । यसमा तिनै तहका सरकार प्रतिबद्ध हुनुपर्छ भन्नुहुन्छ, अधिवक्ता लोकनाथ पन्थ ।

# नौ महिनामा दुई खर्ब लगानी प्रतिबद्धता

काठमाडौँ, ६ वैशाख (रासस) ।

नौ महिनामा करिब रु दुई खर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ ।

उद्योग विभागले सार्वजनिक गरेको नौ महिना (गत साउनदेखि चैत मसान्तसम्मको) तथ्याङ्क अनुसार दुई सय १६ उद्योगका लागि रु एक खर्ब ८० अर्ब बराबरको लगानी प्रतिबद्धता आएको हो । उक्त तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ ।

चैत महिनामा मात्रै स्वदेशी तथा विदेशी लगानीका ३३ वटा उद्योगका लागि रु २५ अर्ब ४४ करोड लगानी प्रतिबद्धता आएको हो । तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले ६ लाख ७३ हजार आठ सय ६७ जनालाई रोजगारी दिने उल्लेख गरिएको छ । चैत महिनामा मात्रै तीन हजार छ सय १२ जनालाई रोजगारी दिने उल्लेख छ ।

यस्तै, नौ महिनामा दुई सय ५३ वटा विदेशी लगानीका उद्योगका लागि रु ४१ अर्ब २१ करोड २४ लाख ३१ हजार चार सय ४६ लगानी प्रतिबद्धता आएको छ । जसमा चैतमा रु आठ अर्ब ९१ करोड १२ लाख ६४ हजार छ सय ९० विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ । विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा रु दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रु तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रु एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रु तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

यस्तैगरी, मङ्सिरमा रु ८० करोड आठ लाख, पुसमा रु चार अर्ब ८५ करोड २० लाख, माघमा रु एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ । विभागको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा रु पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा रु छ अर्ब ३२ करोड, असोजमा रु एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रु ९८ करोड, मङ्सिरमा रु पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रु ६१ करोड २० लाख, माघमा रु ५३ करोड ९५ लाख र फागुनमा रु दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

त्यस्तै, चालु आर्थिक वर्षको नौ महिनामा करिब साढे १४ अर्ब नेपाली रुपैयाँ विदेशिएको छ । उद्योग विभागले सार्वजनिक गरेको चैत मसान्तसम्मको तथ्याङ्क अनुसार रु १३ अर्ब ७७ करोड ४४ लाख १० हजार पाँच सय ५९ लाभाशंबापत रकम फिर्ताको सिफारिस भएको हो । विभागले

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# जन्म, मृत्यु घटना दर्ता शतप्रतिशत पुचाउने विभागको तयारी

काठमाडौँ, ६ वैशाख (रासस)।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक कृष्ण पौडेलले सन् २०२४ सम्ममा जन्म र मृत्युका घटना दर्तामा शत् प्रतिशत पुचाउन विभाग तयारी रहेको बताउनुभयो।

नेपाल सरकारले संयुक्त राष्टङ्घको महासन्धिमा सन् २०२४ सम्ममा घटना दर्ता शतप्रतिशत पुचाउने लक्ष्य राखेको थियो। सोहीअनुसार स्थानीय तहमार्फत् विभाग प्रयासरत रहेको छ। "व्यक्तिगत घटना दर्ता सप्ताह अवधि लगायतका समयमा नागरिकलाई सुसूचित गराउन विभिन्न माध्यमबाट भिडियो, अडियोसहितका सन्देशमूलक सूचनाबाट जनचेतना अभिवृद्धि गरिएका छौँ। जसबाट घटना दर्तामा वृद्धि हुने क्रम बढ्दै जाने अपेक्षा रहेको छ", विभागका निर्देशक पौडेलले भन्नुभयो।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा व्यवस्था भएबमोजिम कुनै पनि घटना घटेको ३५ दिनभित्र गर्नुपर्ने प्रावधान रहेको तर नागरिकलाई घटना दर्ताको महत्वबारे जानकार भएपछि र आवश्यकता पर्दा मात्र दर्ता गर्ने प्रवृत्तिको अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्नु नै लक्ष्य प्राप्तिको प्रमुख उपाय रहेको उहाँको भनाइ छ।

कानुनमा रहेका व्यवस्थाको पूर्ण परिपालना होस् भनी नागरिकमाझ सचेतना अभिवृद्धि गर्न सप्ताह मनाउँदै आएको निर्देशक पौडेलले बताउनुभयो। देशभर छ हजार सात सय ४३ वटै वडामा व्यक्तिगत घटना दर्ता हुने गरेको छ। इन्टरनेट तथा विद्युतीय पूर्वाधारको पहुँच नपुगेका कारण एक सय ६३ वडामा बाहेक अन्य वडामा अनलाइनमार्फत दर्ता हुने गरेको छ।

डिजिटलाइजेशन प्रक्रियालाई प्राथमिकता दिन भौगोलिक विकटताका कारण पहुँच नपुगेका जिल्लामा इन्टरनेट र विद्युत्को विस्तार गर्नको लागि सम्बन्धित मन्त्रालयलाई पत्राचार गरेकोमा प्रयास गर्ने जानकारी आएको उहाँले बताउनुभयो। "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा स्वास्थ्य संस्थामा भएका घटनाको विवरण सम्बन्धित वडा कार्यलयमा जानकारी गराउने संयन्त्रको विकास गर्न अघिल्लो वर्ष ३० वटा संस्थाबाट नमूना परीक्षण सफल भइसकेको छ", निर्देशक पौडेलले भन्नुभयो।

यसको प्रभावकारितालाई विस्तार गर्न मन्त्रालयले जन्म सूचना व्यवस्थापन प्रणाली (बीआईएमएस) र मृत्यु सूचना व्यवस्थापन प्रणाली (डिआईएमएस )मार्फत प्राप्त भएका व्यक्तिका विवरणलाई सम्बन्धित वडामा जानकारी गराई दर्ता गरेको उहाँले जानकारी दिनुभयो। जसको प्रभावकारिता अभिवृद्धि गर्न मन्त्रालयले अन्य ठाउँमा पनि विस्तार गर्ने जनाइएको छ। सन् २०२४ सम्ममा शतप्रतिशत पुऱ्याउने विभागको लक्ष्यअनुसार विभाग प्रयासरत रहे तापनि राष्ट्रिय जनगणना अनुसार पाँच वर्ष वा सो भन्दा कम उमेरका बालबालिकामध्ये ७४ प्रतिशतको मात्र जन्मदर्ता भएको छ।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ वैशाख १ गतेदेखि १० जिल्लाबाट सुरु गरी १७ चरणमा विस्तार भयो। त्यस्तै २०४७ वैशाख १ बाट नेपालभर लागू भएको व्यक्तिगत घटना दर्ता हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ लगायतका कानुनद्वारा व्यवस्थित गरिएको छ।

विभागका अनुसार हाल अनलाइनमार्फत दर्ता गर्ने सङ्ख्यामा २५ लाख ७५ हजार तीन सय ५२ जन्मदर्ता, ६४ लाख आठ सय ७९ मृत्युदर्ता, ५७ लाख पाँच हजार पाँच सय ५६ बसाइँसराइ दर्ता भएका छन्।

त्यस्तै दश लाख ३५ हजार चार सय ६२ विवाह दर्ता, ४२ हजार सात सय ७६ सम्बन्धविच्छेद दर्ता भएका छन्। जुन अनलाइन सूचना प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने वडा कार्यालयको सङ्ख्या छ हजार पाँच सय ८४ रहेको छ। व्यक्तिगत घटना दर्ताको महत्वसम्बन्धी सचेतनाको कमी, व्यक्तिगत घटना दर्तासम्बन्धी प्रचारप्रसारको कमी, स्रोत तथा साधनको सीमितता र दुर्गम वडामा इन्टरनेटको पहुँचको अभावका बाबजुद सन् २०२४ सम्म जन्म र मृत्युसम्बन्धी घटना दर्ता शतप्रतिशत पुचाउनु पर्ने दायित्व रहेको विभागले जनाएको छ।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद लगायतका व्यक्तिगत घटना, घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गराउन विभागले आग्रह गरेको छ।

# गृहप्रशासन सुधार कार्ययोजना ल्याइँदै

काठमाडौँ, ६ वैशाख (रासस)।

गृहमन्त्रालयले शान्ति, सुरक्षा र सेवालाई अझ प्रभावकारी बनाउन नयाँ 'गृह प्रशासन सुधार कार्ययोजना' ल्याउने तयारी थालेको छ। विगतमा सार्वजनिक गरिएको कार्ययोजनालाई थप परिस्कृति गर्दै सरकारको न्यूनतम साझा कार्यक्रमसमेतलाई समेट्ने गरी कार्ययोजना ल्याउन लागिएको मन्त्रालयले जनाएको छ।

विगतमा ल्याइएर पूरा नभएका राम्रा योजनालाई समावेश गर्दै थप योजना अघि बढाइने गरी कार्ययोजना सार्वजनिक हुने जनाइएको छ। यसका लागि भने केही समय लाग्ने छ। शुसासन र सेवालाई मुख्य कार्यभार मानेर मन्त्रालयले नयाँ कार्ययोजना ल्याउन लागेको उपप्रधानमन्त्रीसमेत रहनुभएका गृहमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिनुभएको छ।

उहाँका अनुसार यसपटकको कार्ययोजनामा सुरक्षाको सुदृढिकरण, राष्ट्रिय एकता, जनयुद्ध र जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै संविधानको रक्षा, शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्दै सङ्क्रमणकालीन न्यायका कार्यभार पूरा गरी मुलुकलाई रुपान्तरणसहितको आर्थिक विकासमा अघि बढाउने लक्ष्यसहित कार्ययोजना ल्याइनेछ।

अहिले कार्ययोजना निर्माणका लागि आवश्यक सुझाव सङ्कलनको काम जारी रहेको र मातहतका निकायबाट सूचना लिने काम भइरहेको गृहसचिव विनोदप्रकाश सिंहले राससलाई जानकारी दिनुभयो।

उहाँले विसं २०७८ मा जारी भएको कार्ययोजनालाई थप परिस्कृति र परिमार्जन गर्दै नयाँ विषयसमेत समेटेर कार्ययोजना ल्याइने बताउनुभयो। त्यसका लागि आवश्यक तयारी भइरहेको पनि उहाँले जानकारी दिनुभयो। पहिलो चरणमा उहाँले सोमबार पत्रकारहरूसँग आवश्यक सुझाव माग्नुभएको थियो। क्रमसँग अन्य निकायबाट पनि सुझाव लिएर कार्ययोजना बनाइने जनाइएको छ। नेपाल सरकारको (कार्य विभाजन) नियमावली २०७४ बमोजिम गृह मन्त्रालयको कार्य क्षेत्रमा आन्तरिक सुरक्षा, तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति कार्यान्वयन, नियन्त्रण विदेशी नागरिकको नियमन तथा नियन्त्रण रहेको छ।

मुख्यतः शान्ति सुरक्षा, नागरिकतासम्बन्धी नीति कानुन, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागूऔषध नियन्त्रण, सीमा प्रशासन अपराध अनुसन्धान, सङ्गठित अपराध नियन्त्रण, मानवअधिकार संरक्षण तथा अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषयगत कार्यहरू पनि गृहमन्त्रालयको कार्यभित्र पर्छ।

यस्तै मन्त्रालय मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत आठ सय ७४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह हुँदै आएको छ। ती कार्यलाई थप प्रभावकारी गराउने गरी कार्ययोजना ल्याइने मन्त्रालयले जनाएको छ। विसं २०७४ सालदेखिनै सुधार योजना तयार पारी त्यही अनुसार योजनाबद्ध रूपमा काम हुँदै आएको छ। तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलबाट सुरु भएको सुधार योजना अहिलेसम्म निरन्तर रूपमा अघि बढिरहेको छ।

विसं २०७१ मा भने गृहप्रशासन सुधार एवं सुदृढीकरण कार्ययोजना, बनेको थियो। त्यसपछि गृह प्रशासन सुधार कार्ययोजना २०७४ मा ल्याइएको थियो। त्यसबेला ८२ बुँदे गृह प्रसासन सुधार कार्ययोजना सार्जजनिक भएको थियो। यसपछि २०७८ मा तत्कालीन गृहमन्त्री बालकृष्ण खाणले २०६ बुँदे गृह प्रशासन सुधार कार्ययोजना ल्याउनुभएको थियो। अहिले पनि त्यही कार्ययोजना कार्यान्वयनमै रहेको गृह प्रवक्ता जीतेन्द्र बस्नेत बताउनुहुन्छ।

अब बन्ने गृहप्रशासन सुधार कार्ययोजना सरकारको न्यूनतम साझा कार्यक्रम, आएका सुझाव, वर्तमान आवश्यकतालगायतका आधारमा गृह प्रशासनलाई चुस्त बनाउने गरी नै ल्याइने बस्नेतले बताउनुभयो। मन्त्रालयका अनुसार यसपालिको कार्ययोजनामा गृह प्रशासनमाथिको पहुँचमा परिवर्तन ल्याउँदै पहुँच नपुगेकालाई पहुँचमा ल्याइने छ। राष्ट्रिय सुरक्षामा कुनै पनि प्रकारको गतिविधि गर्न नदिने, सहज र सरल ढङ्गले जनताले सेवा दिने, लैङ्गिक हिंसाका घटनाको प्रभावकारी नियन्त्रण, दलित उत्पीडितप्रतिको भेद्भावमा रोक, अपराध तथा लागुपदार्थको दुर्व्यसन नियन्त्र, जेलको सुधार, अध्यागमनलाई प्रविधिमैत्री बनाउँदै सेवा प्रभावकारी बनाउने विषय कार्ययोजनामा समेटिने जनाइएको छ।

कार्ययोजनामा राष्ट्रिय परिचयपत्र र नागरिकता प्राप्तिलाई सहज र छिटोछरितो, सुरक्षा निकायलाई शक्तिकेन्द्र र राजनीतिको दबाबबाटमुक्त राख्ने, मिटरब्याज पीडितहरूको न्याय प्राथमिकतामापर्ने गृहमन्त्री श्रेष्ठले बताउनुभएको छ।

यसअघि २०७८ सालमा सार्वजनिक भएको १० विषय क्षेत्र र २०६ क्रियाकलाप समेटिएको कार्ययोजनामा समेटिएका केही ऐन कानुन परिमार्जन हुनसकेको थिएन। यस्तै रेल्वे सुरषा गण, आतङ्कवादी नियन्त्रण सेल, सीमा नाकाका सबै भन्सार विन्दुमा लागुऔषध जाँच उपकरण राख्ने योजना समेत सफल हुनसकेको छैन।

यस्तै दुई वर्षभित्रमा विपद्को जोखिममा रहेका व्यक्ति तथा समूहको प्राथमिकताका आधारमा व्यवस्थापन गर्ने एकीकृत मापदण्ड तयार पार्ने भनिए पनि त्यो तयार हुन नसकेको महालेखाले समेत औँल्याएको छ। महालेखाले सार्वजनिक सुरक्षा, क्षतिपूर्तिलगायतका ऐन तर्जुमा भएको नदेखिएको जनाउँदै कार्ययोजनालाई पूर्ण पालना गर्नुपर्ने औँल्याएको छ।

## *नौ महिनामा...*

नौ महिनामा रोयल्टीबापत रु दुई अर्ब ११ करोड ६ हजार छ सय ३४, १२ लाख ४५ हजार ९१ अमेरिकी डलर, ३० करोड ६२ लाख ९६ हजार ६०९ भारतीय रुपैयाँ र सात हजार युरो विदेश लैजानका लागि विभागले सिफारिस गरेको छ। विभागले चैत महिनामा लाभाशंबापत रु तीन अर्ब १४ करोड ५३ लाख २२ हजार दुई सय ३५ विदेश लैजान सिफारिस गरेको हो।

यस्तै, रोयल्टीबापत चैत महिनामा रु बीस करोड ६० लाख नौ हजार पाँच सय २६, ७३ हजार तीन सय १३ अमेरिकी डबर, १५ लाख ४५ हजार सात सय ८३ भारु फिर्ता लैजानेगरी स्वीकृति प्रदान गरेको हो। यस्तै, चालु आवको नौ महिनामा विभागले व्यवसायी भिसा अन्तरगत एक हजार दुई सय २४ जना लगानीकर्ता, एक सय ८६ जना प्रतिनिधि र पाँच सय २४ जना आश्रितका लागि भिसा सिफारिस गरेको छ।

चैत महिनामा मात्रै विभागले एक सय ६६ लगानीकर्ता, ४५ प्रतिनिधि र एक सय ४२ जना आश्रितका लागि भिसा सिफारिस गरेको छ। विभागले सिफारिस गरेपछि नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएपछि मात्र नेपाली रुपैयाँ विदेश लैजान पाइन्छ। विभागले स्वीकृत गरेको १५ दिनभित्र रकम लैजान पाइने विभागले जनाएको छ।

# विश्व समाचार

## विश्वकै सर्वाधिक जनसङ्ख्या भएको देश बन्यो भारत

संयुक्त राष्ट्रसङ्घ, ६ वैशाख (रासस/पिटिआई)।

भारत विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश बनेको छ। संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए)को पछिल्लो तथ्याङ्कअनुसार भारत चीनभन्दा २९ लाख बढी जनसङ्ख्या भएको देश बनेको हो। युएनएफपीएको 'द स्टेट अफ वर्ल्ड पपुलेसन रिपोर्ट, २०२३' मा भारतको जनसङ्ख्या एक अर्ब ४२ करोड ८६ लाख पुगेको तथा चीनको जनसङ्ख्या एक अर्ब ४२ करोड ५७ लाख रहेको उल्लेख गरिएको छ। युएनएफपीएको प्रतिवेदनको जनसाङ्ख्यिक सूचकमा यो तथ्याङ्क समावेश गरिएको छ। सन् १९५० मा संयुक्त राष्ट्रसङ्घले जनसङ्ख्या तथ्याङ्क सङ्कलन र जारी गर्न थालेपछि भारतको जनसङ्ख्याले चीनलाई उछिनेको यो पहिलो पटक हो। गत वर्ष चीनको जनसङ्ख्या उच्च बिन्दुमा पुगेर घट्न थाल्योभने सोही अवधिमा भारतको जनसङ्ख्यामा बढोत्तरी भएको छ।

प्रतिवेदनअनुसार सरदर आयुमा भने भारतभन्दा चीन अगाडि छ। चीनमा महिलाको सरदर आयु ८२ वर्ष तथा पुरुषको ७६ वर्ष छ भने भारतमा महिलाको सरदर आयु ७४ र पुरुषको ७१ वर्ष छ। विज्ञहरूका अनुसार भारतलाई अहिले जनसाङ्ख्यिक लाभ भएको छ। उपभोक्ता सञ्चालित अर्थतन्त्रमा युवा जनसङ्ख्याको अधिकताले देशको विकासलाई अघि बढाउन मद्दत गर्नेछ भने देशको आर्थिक वृद्धिका लागि पनि ठूलो अवसर प्रदान गर्नेछ। देशलाई आन्तरिक खपतका निम्ति श्रमिक आपूर्तिमा समस्या नहुने हुनाले बाह्य समस्याबाट पनि भारतलाई जोगिन सहज हुनेछ। कोभिड-१९ को महामारीका बेला यो वास्तविकता उजागर भइसकेको छ।

## ६ दिनसम्म अन्नपानी नपाएका आठ जना मछुवारा डुबेको आशङ्का

क्यानबेरा, ६ वैशाख (रासस/एपी)।

गत शुक्रबार उत्तरपश्चिमी अष्ट्रेलियाको समुद्री तटमा शक्तिशाली चक्रवातमा फसेका इण्डोनेशियाका आठ जना मछुवाराले अन्नपानी बिना एउटा टापुमा छ दिन बिताएपछि जलसमाधि लिएको आशङ्का गरिएको छ। भस्अष्ट्रेलियामा आठ वर्षयता आएको सबैभन्दा शक्तिशाली चक्रवात इल्सामा परेका ती मछुवाराले आफूसँग अन्नपानी नहुँदा र आफ्नो डुङ्गासमेत डुबेपछि जीवन नै त्याग गरेका हुनसक्ने अष्ट्रेलियाली समुद्री सुरक्षा प्राधिकरणले बाँचेका मछुवारालाई उद्धृत गर्दै जनाएको छ। पुत्रीजया नामको डुङ्गा हिन्द महासागरमा डुबेको र त्यसमा सवार एक जनालाई तीस घण्टापछि उद्धार गरिएको थियो। एक्सप्रेस वान नाम गरेको अर्को डुङ्गाका मछुवारा भने आफ्नो वाहन डुबेपछि टापुमा बसिरहेका बेला नियमित हवाई गस्तीमा रहेको अस्ट्रेलियाली सीमा बलले उनीहरूलाई देखेको थियो। समुद्रीमार्ग भएर गैरकानुनी गतिविधि सञ्चालन गर्न उनीहरू त्यहाँ बसेको ठानेर हेलिकप्टरमा त्यहाँ गएका सुरक्षाकर्मीले आपतमा परेका उनीहरूलाई उद्धार गरेको थियो।

## सुडानबाट आफ्ना नागरिक फर्काउँदै जापान

टोकियो, ६ वैशाख (रासस/एएफपी)।

जापानले सुडानबाट आफ्ना नागरिक फर्काउने भएको छ। जापान सरकारले द्वन्द्वग्रस्त सुडानबाट आफ्ना नागरिकलाई फर्काउने तयारी थालिएको जानकारी बुधबार दिएको हो। जापान सुडानबाट आफ्ना नागरिकलाई उद्धारको घोषणा गर्ने पहिलो मुलुक बनेको छ। सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीच भड्किएको द्वन्द्वमा करिब दुई सय जनाले ज्यान गुमाएका छन्भने झण्डै दुई हजार सय जना घाइते भएका छन्।

जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले दूतावासका कर्मचारीसहित करिब ६० जना जापानी नागरिक सुडानमा रहेका बताउँदै उनीहरूलाई त्यहाँबाट उद्धार गर्न रक्षा मन्त्रालयले आवश्यक तयारी गरेको बताउनुभयो।

सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायतक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीचको जारी द्वन्द्वका कारण जनजीवन अस्तव्यस्त भएको छ। राजधानीका साथै अन्य शहरका भीडभाडयुक्तस्थलमा विष्फोट, हवाई हमलाका साथै गोली हानाहान भएका थिए। अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका तो ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो।

सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ।

विश्वका अन्य देशले पनि सुडानमा रहेका आफ्ना नागरिकलाई आफ्ना विवरण आ-आफ्नो मुलुकका राजदूतावासमा बुझाउन आग्रह गरेका छन्। अमेरिकाले आफ्ना नागरिकलाई सम्पर्क विवरणसहितका सूचना दूतावासमा बुझाउन, घरबाट बाहिर ननिस्कन तथा झ्याल नजिक पनि नजान सुझाएको छ।

# मिटरब्याजी पीडितको समस्या समाधान गर्न माग

काठमाडौँ, ६ वैशाख (रासस) । अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) मिटरब्याज र तमसुक व्यवस्था पीडितसँग २०७९, चैत १८ गते सरकारले गरेको पाँचबुँदे सम्भौता कार्यान्वयन गर्नुपर्ने माग गरेको छ । महासङ्घले सो सम्भौता अक्षरशः कार्यान्वयन गर्दै जनतालाई अनुभूति हुने गरी यथाशीघ्र न्याय प्रदान गर्न र त्यस सम्बन्धमा सरकार तथा सम्बन्धित निकायले गरेको कार्यको विवरण निरन्तर सार्वजनिक गरी जनतालाई सुसूचित गर्नसमेत माग गरेको छ ।

"लघुवित्तबाट पीडित जनताले देशव्यापी घोषणा गरेको सङ्घर्षमा पुनः ऐक्यबद्धता प्रकट गर्दै सङ्घर्षरत जनतासँग तत्काल वार्ता गरी समस्या समाधान गर्न हामी नेपाल सरकारसँग जोड्दार माग गर्दछौँ", महासङ्घद्वारा बुधवार जारी विज्ञप्तिमा भनिएको छ । महासङ्घले लघुवित्त पीडितहरूको सङ्घर्षका क्रममा चितवनको मुग्लिनमा र मिटरब्याज पीडितहरूको सङ्घर्षका क्रममा काठमाडौँको शान्तिवाटिकामा प्रहरीद्वारा दमन भएको जनाउँदै विरोधसमेत गरेको छ । विज्ञप्तिमा भनिएको छ, "जनताले आफ्ना समस्याहरूबारे सङ्घर्ष गर्न पाउने अधिकारलाई सम्मान गर्न र अनावश्यक बल प्रयोग नगर्न सरकारसँग जोड्दार माग गर्दछौं ।"

### *कोशीमा नुहाउने...*

प्रहरीका अनुसार ती युवकहरू आफन्तको श्राद्ध गरिएको स्थानबाट नुहाउनका लागि कोशी किनारमा गएका थिए । सोही क्रममा उनीहरु डुबेर बेपत्ता भएका हुन् । सशस्त्र प्रहरी बल र नेपाल प्रहरी गोताखोर टोलीसहित स्थानीयहरूले बेपत्ता दुवै जनाको खोजी गरिरहेको छ ।

# निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारको नामावली सार्वजनिक

काठमाडौँ, ६ चैत (रासस) । निर्वाचन आयोगले गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन उम्मेदवार भई तोकिएको समयावधिभित्र खर्चको विवरण नबुझाउने ७४ उम्मेदवारको नामावली सार्वजनिक गरेको छ । प्रतिनिधिसभातर्फ ३७ र प्रदेशसभातर्फ ३७ उम्मेदवारसहित ७४ उम्मेदवारको नामावली प्रकाशन गरी ती उम्मेदवारलाई स्पष्टीकरण सोध्ने निर्णय आयोगले गरेको छ ।

उम्मेदवार हरूलाई सात दिनभित्र खर्चको विवरण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा पेस गर्न निर्देशन दिइएको छ । साथै निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने प्रतिनिधिसभाका सदस्य दुई हजार तीन सय ७३ र प्रदेशसभा सदस्य निर्वाचनका तीन हजार एक सय ८८ उम्मेदवारसहित पाँच हजार पाँच सय ६१ उम्मेदवारलाई निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को अनुसार सो निर्देशन दिइएको हो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन,प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार निर्वाचन खर्चको विवरण राजनीतिक दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र आयोग वा आयोगले तोकेको कार्यालयसमक्ष पेस गर्नुपर्ने प्रावधान रहेको छ ।

# राष्ट्रपति पौडेललाई उपचारका लागि भारत लगियो

काठमाडौँ, ६ वैशाख (रासस) । राष्ट्रपति रामचन्द्र पौडेललाई थप उपचारका लागि बुधबार भारतको राजधानी नयाँ दिल्ली लगिएको छ ।

राष्ट्रपति पौडेललाई श्रीएयरको एयर एम्बुलेन्समार्फत केही बेरअघि नयाँ दिल्ली लागिएको राष्ट्रपतिको सचिवालयले जनाएको छ । स्वास्थ्यमा समस्या देखिएपछि राष्ट्रपति पौडेललाई उपचारका लागि मङ्गलबार साँझ त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा भर्ना गरिएको थियो ।

राष्ट्रपति पौडेललाई थप उपचारका लागि नयाँ दिल्लीस्थित अल इन्डिया इस्टिच्यूट अफ मेडिकल साइन्सेस (एम्स) लागिएको हो । यसअघि पेटमा समस्या देखिएपछि राष्ट्रपति पौडेलको गत चैत १८ गते त्रिवि शिक्षण अस्पतालमा उपचार गरिएको थियो ।

# बुधबारदेखि राष्ट्रिय भिटामिन 'ए' अभियान

काठमाडौँ, ६ वैशाख (रासस) । सरकारले बुधबारदेखि बालबालिकाका लागि राष्ट्रिय भिटामिन 'ए' अभियान कार्यक्रम सञ्चालन गर्दैछ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार र बिहीबार दुई दिन देशभरिका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउनका लागि राष्ट्रिय भिटामिन 'ए' अभियान सञ्चालन गर्न लागेको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले जानकारी दिनुभयो । बालबालिकालाई नजिकैका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामार्फत भिटामिन 'ए' र जुकाको औषधि खुवाउन अभिभावकलाई उहाँले आग्रह गर्नुभयो ।

भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिकालाई तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने छ । प्रदेश र स्थानीय तहलाई राष्ट्रिय अभियान कार्यक्रम सफल बनाउन महाशाखाले परिपत्र जारी गरेको छ ।

भिटामिन 'ए' करिब २७ लाख बालबालिका र जुकाको औषधि करिब २४ लाख बालबालिकालाई खुवाइने निर्देशक लालले बताउनुभयो । सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्न २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि खुवाउन थालेको हो । सरकारले बालबालिकालाई वैशाख र कात्तिकमा गरी दुई पटक भिटामिन 'ए' र जुकाको औषधि निःशुल्क खुवाउने गरेको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाइराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



➢ बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं।
➢ बालबालिका माथि हुने हिंसाको उजुरी प्रहरीमा गरौं।
➢ बालबालिका बेचविखन र तस्करी नियन्त्रण गरौं।
➢ बालबालिकालाई परिवारीक बातावरणमा हुर्कने अवसर दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*